https://healthtvonline.com/health-news/2023/07/44165/

हैल्थ टिभी अनलाइन
स्वास्थ्यका लागि सञ्चार

२१ असार २०८०, बिहीबार

# नेपालमा आफूखुशी एन्टिबायोटिकको प्रयोग बढ्दो : अध्ययन

हेल्थ टिभी अनलाइन




**हेल्थ टिभी अनलाइन \ काठमाडौं :** नेपालमा आफूखुशी एन्टिबायोटिकको प्रयोग बढ्दो देखिएको छ । नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले एक वर्ष लगाएर गरेको अनुसन्धानले यस्तो देखाएको हो । बिहिबार अनुन्धानको नतिजा सार्वजनिक गर्दै परिषद्का कार्यकारी सदस्य सचिव डा प्रदिप ज्ञवालीले नेपालमा एन्टिबायोटिकको प्रयोग आफूखुशी फार्मेसी पसलमा गएर किनेर खानेको संख्या धरै नै रहेको बताए ।

उनले जथाभावी एन्टीबायोटिक प्रयोगले एन्टीमाइक्रोबियल रेसिस्टेन्सको समस्या बढेको समेत जिकीर गरे । अध्ययन अनुसार नेपालमा 28 प्रतिशत बिरामीले डाक्टर तथा स्वास्थ्यकर्मीको प्रेस्क्रिप्सन बिना नै एन्टीबायोटिक किनेर खाने गरेको देखाएको छ । यसैगरी 22 प्रतिशत बिरामीले आफूले खान सुरु गरेको एन्टीबायोटिक कोर्स पूरा नगर्ने गरेको पाइएको छ ।

कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा रोशन पोखरेलले एन्टिबायोटिकको जथाभावी प्रयोगसम्बन्धी अध्ययनले अब मन्त्रालयलाई यसको अवस्था के छ र अब कसरी काम गर्ने भन्नेमा सहयोग पुराउने बताए । उनले यस किसिमको अध्ययन आवश्यक भएका बेला परिषद्ले एन्टीबायोटिक र यसले निम्त्याएको समस्याकोबारेमा अध्ययन गरेकोमा धन्यवाद समेत दिए । उनले स्वास्थ्यकर्मीलाई जथाभावी एन्टीबायोटिक नलेख्न र बिरामीलाई पनि आफूखुशी एन्टीबायोटिक नखान आग्रह गरे ।

अध्ययन अनुसार नेपालमा डाक्टर तथा स्वास्थ्यकर्मीले एन्टिबायोटिकको प्रेस्क्राइब गर्दा ध्यान नदिएको समेत देखाएको छ । यसैगरी 85 प्रतिशत डाक्टरले एन्टिबायोटिकको जेनरिक नाम नलेखेको पाइएको छ । यसैगरी नेपालमा डाक्टरले प्रिस्क्राइव गरिएका औषधिमध्ये 37 दशमलब 8 प्रतिशत औषधि एन्टिबायोटिक रहेको पाइएको छ । जुन विश्व स्वास्थ्य संगठनले तोकेको मापदण्डभन्दा बढी हो ।